**भ्यालेन्टाइन डे**



सुषमा मानन्धर
ललितपुर

धेरै भएको छैन उसले आफ्नो घर नजिकै त्यो नयाँ अनुहार देख्न थालेकी । पहिले अफिस आउँदा जाँदा उसलाई यादै हुन्नथ्यो तर अस्ति अफिसबाट फर्केर घर पुग्न लाग्दा सडक छेऊ उभिएका केही ठिटाहरुमा उसका आँखा गएका थिए । उनीहरु कागजको कुनै टुक्रा खोसाखोस गर्दै थिए । "भो भो तिमीहरु नै राख मलाई चाहिएन ।" त्यो कुनै केटाको अलि चर्को स्वर थियो । आवाजले आकर्षित भएर उसले पहिलो चोटि त्यो केटालाई हेरेकी थिई । आँखा जुधेपछि केटो केही लजायो । अनि तिनीहरु मुखामुख गर्दै चुप देखिए ।

ऊ घर पुगी । श्रीमानले आज पनि फर्कन ढिलो हुनसक्छ भनी खबर गरे । रातोदिनको मिटिङ.,अझ त्यति मात्र कहाँ हो र ? चाँडै घर पुगेका दिन पनि साथीहरुसँग उनको बाहिर कुनै प्रोग्राम बनिहाल्थ्यो । ऊ बोर हँदै उँघीउँघी श्रीमानलाई कुरिबस्थी । त्यही भएर कोठामा एक्लै बस्न मन नलागी ऊ लुगा फेरीओरी बजार निस्कँदासम्म पनि तिनीहरु त्यहीँ थिए, गफ गर्दै । के साह्रो गफ गर्न सकेका यिनीहरु बाटोमा उभीउभी, उसले तिनीहरुलाई हेर्दै सोचेकी थिई ।

आज पनि ऊ बाहिर निस्कँदा त्यो केटा सडक छेउ उभिरहेको थियो, ऊ आउने बाटोतिर हेर्दै । उसले पछाडि ब्याग बोकेको थियो र घाँटीमा रातो गलबन्दी बाँधेको थियो । लगाइएको त्यो रातो गलबन्दी गोरो अनुहारमा खूब सुहाएको थियो उसलाई । सडकको अर्को छेउ उभिएको उसको साथी उसलाई नाम लिई बोलाउँदै थियो । अपूर्व ! नाम त राम्रै हो । नाम अनुरुप देखिन्थ्यो पनि ऊ । गोरो र टल्किने कालो कपालसँग भर्खर बस्दै गरेका जुँगाका रेखीले उसलाई निकै सुदर्शन देखाऊँथ्यो । आँखा जुध्यो । उसले देखी त्यहाँ केही चम्केको थियो अभूतपूर्व । केही झिल्काहरु बलेका थिए । त्यो झिल्का, भित्र उसको मुटुसम्मै पुग्यो । अपूर्वले उसलाई गहिरीएर आँखाभरी हेर्‍यो अनि साथीसँग बाटो लाग्यो ।

अफिस पुग्दासम्म पनि उसका आँखामा अपूर्वको हेराइ अडिरह्यो । त्यो हेराई विशेष थियो र त्यहाँ एउटा अनौठो किसिमको चाहना देखिन्थ्यो तर के को उसले अडकल्न सकिन । कहाँको केटा हो, त्यतातिर के गर्न आउँदो हो ? उसको दिमागमा सानो कौतुहलता जन्मियो । अपूर्व त्यतातिरको बासिन्दा थिएन, त्यसैले त्यो भन्दाअघि उसलाई त्यहाँ देखिने कुरै भएन । ऊ या त यो इलाकातिर बस्न थालेको छ नभए कलेजको आफ्नो कुनै साथीलाई भेट्न यतातिर आउँदो हो ,उसले मनमनै ठहर गरी । नभन्दै उसले त्यही दिन साँझपख अपूर्वलाई पहिलो पटक आफ्नो घर अगाडि छिमेकीको कौसीमा देखी । हुनसक्छ यो भन्दा अघि अपूर्व कौसीमा आउने, ऊ घरमा नभएको बेला पर्दो हो या ऊ त्यहाँ डेरा बस्न थालेको धेरै भएको थिएन ।

ऊ पानी तर्काउन भिजेका लुगालाई डोरीमा झुण्डयाउँदै थियो । अपूर्वले पनि उसलाई देख्यो तर उसले कुनै प्रतिक्रिया देखाएन, पूर्ववत् लुगाहरु डोरीमा सुकाइरह्यो । उसले हेरिरही । लुगा सुकाउन सकेर पनि ऊ तल गएन बरु कौसीको होचो डीलमा बसेर सडकतिर हेर्न थाल्यो । उसका साना र घुम्रिएका कपाल

हावाले उडाइरहेथ्यो जसलाई ऊ बेलाबेलामा बाँया हातले सम्याउँथ्यो । अर्को छिमेकीको छानामा एउटा विरालो चरा ताक्दै थियो । उसले सानो ढुँगा टिपेर चरा भगायो र फर्केर पुलुक्क हेर्‍यो उसको अनुहारमा । उसले नदेखे झैं गरी अर्कोतिर मुख फर्काएर हाँसी ।

साँझ गाढिंदै थियो अनि बहँदै गरेको सिरेटो । ऊ तल ओर्ली । अपूर्व कति बेला ओर्ल्यो, उसलाई थाहा भएन । रातको खाना बनाउनु थियो, त्यसैले ऊ भान्छामा व्यस्त भई । घरधन्दा सकाई कोठामा आउँदा उसका श्रीमान टिभि हेर्दै थिए । “मैले विहान भनेको फिल्म लगाउँ है ?” श्रीमान धेरै दिनपछि शायद आज रोमान्टीक मूडमा थिए । वयस्कहरुले मात्र हेर्ने त्यो नीलो फिल्म थियो उनले भनेका, उसले बुझिहाली । “आ,छोड्नुस् ! बरु अरु च्यानेलमा के के सिरीयलहरु आइराछन् हेरुँ न ।” उसको कुरामा ध्यानै नदिई उसको श्रीमानले उसलाई तान्दै अँगालोमा बाँधे । “ छि : कस्तो छिल्लिएको ।” उसले श्रीमानको अँगालो फुकाई । अनायसै उसका आँखा, अगाडिका झ्यालमा परे । छिमेकीको कौसी र उसको बेडरुमको झ्याल एउटै हाराहारीमा नपरे पनि उनको कौसीबाट उसको बेडरुम भने देख्न सकिन्थ्यो । अँध्यारोमा कौसीमा कोही सल्बलाएको जस्तै लाग्यो उसलाई । उसले अन्दाज गरी हो न हो त्यो अपूर्व नै थियो उभिरहेको । खै कुन्नि कति बेलादेखि थियो ऊ त्यहाँ । उसले झयालनिर उभिएर बाहिर आँखा तानीतानी हेरी, कौसी रित्तो थियो अँध्यारो । बरान्डामा दुईतीन परेवाहरु उँघ्दै पखेटा फड्फडाउँदै थिए । झ्यालमा सरक्क पर्दा तानी ऊ बेडमा बसी । उसमा भएको रुमानीपन हराइसकेको थियो, मुडै भएन । उसका श्रीमान छक्क परे । एकछिन अघि सम्म तातै थिई मीठो र मादक, कति छिटो चिसिई । ऊ सिरक तानेर पल्टी, रातभरी उसलाई अपूर्वले कौसीबाट लुकीलुकी हेरीरहे झैं लागिरह्यो ।

भोलिपल्ट ऊ अफिस निस्कने समयतिर अपूर्व पहिले जस्तै सडकछेऊ उभिएको थियो । साथीलाई कुर्दै थियो या त्यही वहानामा उसको निस्कने बेला हेर्दै थियो, उसले बुझ्न सकिन । रातको घटना सम्झेर उसले नियालेर उसको अनुहारमा हेरी, त्यहाँ कुनै अस्वाभाविकता र अपराधबोध थिएनन् । ऊ सधैं झै ताजा र निर्दोष देखिन्थ्यो । उसका गोरा र कलिला गाला लालिमायुक्त थिए । उसका आँखामा उत्सुकता बोलिरहेका थिए । ऊ अगाडि आउन्जेल अपूर्वले एकछिन कुर्‍यो त्यसपछि ऊ विपरित दिशातिर लाग्यो । अपूर्वको कलेज उसको अफिसभन्दा उल्टो दिशातिर हुनुपर्छ । सम्भवत त्यही भएर ऊ घरबाट निस्की सडक नपुगुन्जेल अपूर्व त्यहीँ हुन्थ्यो सडकमा उसलाई पर्खंदै । ऊ यकीन गरी भन्न सक्दिन उसैलाई पर्खेको भनी तर ऊ अफिस आउने जाने समय प्राय अपूर्व बाहिर सडकमै भेटिन्थ्यो ।

हिजो रातीको घटना एकपल्ट मात्र घटेको भए, त्यो उसलाई भ्रम मात्रै लाग्थ्यो तर त्यसपछि पनि प्राय: जसो समय अपूर्वका दुइ आँखाहरुले उसलाई पछ्याइरहे झै लाग्थ्यो । कौसीमा ,कोठामा जहाँ बसिरहँदा पनि जब ऊ अपूर्वलाई देख्थी,ऊ उसैलाई हेरिरहेको हुन्थ्यो । जब उसको चोरी पक्रिइन्थ्यो,उसको गोरो अनुहारभरी सँकोचको रातो फैलिन्थ्यो । अनि ऊ हडबडाएर अर्कोतिर हेर्थ्यो । घरछेऊ सँगैबसाइको हिसावले ऊ छिमेकी थियो तर आश्चर्य उसले प्रत्यक्षत ऊसित बोल्ने कोशीश कहिल्यै गरेन । ऊ माया लाग्दो पाराले हेरिरहन्थ्यो, हद गरे केही हाँस्न खोजे झैं उसका ओठमा कम्पन देखा पर्थ्यो । त्यो भन्दा बढी अपूर्वले उसप्रति कुनै प्रतिक्रिया देखाएन । त्यस्तै हँदो त अरुले भए कत्रो नाता लायी साइनो गाँसी आउने जाने बाटो पनि बनाइसक्थ्यो । उसलाई यही राम्रो लाग्थ्यो, अपूर्व अरु केटाहरु जस्तो उत्ताउलो देखिंदैनथ्यो । ऊ छिल्लिँदैनथ्यो साथीहरुसँग । उसका लवाइ,हिंडाइ र बानीमा कुनै असभ्यपना थिएन ।

त्यसो त उसले आफै पनि बोल्न कुनै, कहिल्यै पहल गरिन । के चासो परेको छ र ? मन लागेको छ भने, पहिले उसले आफै बोलोस्, ऊ सोच्थी । बाटोमा कहिलेकाहीँ आवतजावतको क्रममा अघिपछि हुँदा उसलाई लाग्थ्यो, अपूर्वले बोल्ने शुरुआत गर्छ होला । त्यही भएर अपूर्व अघि भए छिटो र पछि आउँदै गरेको भए ऊ ढिलो गरी हिड्थी । उसलाई अपूर्वले केही बोले हुन्थ्यो जस्तो लाग्थ्यो पनि । ऊ त्यस्तो बेला समेत पनि बोल्दैनथ्यो । बरु करुणा भरिएको आँखाले पुल्लुक्क हेर्थ्यो अनि टाउको निहुराई आफ्नो बाटो हिड्थ्यो । ऊ एकोहोरो नहेरी घरिघरि हेर्थ्यो उसलाई । पहिला उसलाई अपूर्वका दृष्टि अति असहज र आपत्तिजनक लाग्थे । उसका दृष्टिहरुले कुनै अप्ठयारा नगरेका र ऊ त्यसमा अभ्यस्त हुन थालेकी हुँदा पछि पछि त्यसरी हेरिनु पनि उसलाई राम्रै लाग्न थाल्यो ।

कोठामा एक्लै हुँदा मात्र हैन ऊ श्रीमान हुँदा पनि एक्लिएकी हुन्थी । श्रीमानको काम र अभिरुचिका आफनै दुनियाँ थियो र त्यो संसारमा उसकी मायाकी भोकी उसकी श्रीमती पनि छे भन्ने कुरा कामको चापमा उनी प्रायः विर्सन्थे । उसको चाहना हुन्थ्यो श्रीमानसँग मीठामीठा कुरा गरी बस्ने,बाहिर जाने, डुल्ने । जब ऊ उपेक्षित महशुश गर्थी आफूलाई ,उसलाई अत्यास लाग्थ्यो कोठामा, त्यही भएर ऊ प्राय : त्यस्ता ठाँउमा बस्ने गर्थी जहाँबाट अपूर्वले उसलाई राम्ररी देख्न सकोस् । हेराइको तातोले उसलाई एक्लो भएको भान हुन दिंदैनथ्यो ।

कहिलेकाहीँ ऊ अफिसबाट चाँडै वा ढिलो घर पुग्दा भने बाटोमा अपूर्व भेटिन्नथ्यो । सम्भवत ऊ केहीवेर कुरेर हिंडिसकेको हुन्थ्यो । उसका अभ्यस्त आँखाहरु पनि अपूर्वलाई अनायसै खोज्थे सडकछेऊ,पसलहरुमा र अलि टाढैसम्म । आफू ढिला आएको बिर्सेर आज कहाँ अल्मलिएछ त भन्ने सोच्दै ऊ बिना काम कौसी भित्रबाहिर ओहेरदोहोर गरिरहन्थी । त्यो दिन खल्लो लाग्थ्यो उसलाई ,नियास्रो मानिरहन्थी । घर बाहिर गल्लीतिर कोही बोले पनि अपूर्वको स्वरको झस्का लाग्थ्यो उसलाई ।

आफूमा आएको यो परिवर्तन के हो, उसले कहिल्यै विश्लेषण गर्न चाहिन । तर त्यो परिवर्तनभित्र प्रसन्नता थियो उसको । पहिले झैं ऊ आत्माभित्र एक्लै थिइन अब । मनभित्रको एकाकीपनको लागि एउटा राम्रो साथी पाएकी थिई उसले अपूर्वको रुपमा । ऊ अपूर्वलाई देखेर खुशी हुन्थी , उसको अनुहार धपक्क बल्थ्यो । उनीहरु एकअर्कासँग बोल्दैनथे तर त्यो मौनतामा पनि ऊ अघाउँथी । अपूर्वले उसलाई गहिरीएर हेर्दा र सडक छेऊ उसको निम्ति कुरी बसेको देख्दा उसलाई निको लाग्थ्यो । अपूर्व भर्खरको केटो थियो कलेज पढ्दै गरेको, ऊ आफू अपूर्व भन्दा परिपक्व र विवाहिता । कामैमा मात्र डुबिरहने भिन्न प्रकृतिका श्रीमानसँग उसका भावुकता बुझ्ने समय थिएन । ऊ खाली रहन्थी र खोज्थी मुटु रसाउने भावनाहरु । सपनाहरु बुनेर ऊ मायामा रमाउन खोज्थी । त्यसैले ऊभित्रको रिक्तता नजानिंदोसँग अपूर्वप्रतिको अनुरागले भरिंदै थियो । उसको सोच र सपनामा अपूर्व आउन थालेको थियो । उसको बारेमा सोची बस्दा ऊ रोमान्चीत हुन्थी । विना छेकवार र साँधसिमानाका कल्पना पनि कस्ता कस्ता,कसैको कल्पनामा कसले पो लगाम लगाउन सक्छ र ?

आज भ्यालेन्टाइन डे, सडकछेऊका प्रायः पसलहरुमा गुलाफका रंगिन पोष्टरहरु र कागजका रंगीचंगी हर्टशेपहरु बनाई झुण्डयाइएको थियो । आफना प्रियहरुप्रति प्रेम दर्शाउन कार्ड,बुकी र चकलेटलाई माध्यम बनाउंने आजको प्रणय दिवसको दिन ऊ बिहानैदेखि रोमान्टिक मूडमा थिई । विहान उसले श्रीमानलाई साँझको लागि कुनै प्रोग्राम छ कि भनी सोधेकी पनि थिई । उसका श्रीमान बोलेनन्,शायद फुर्सद थिएन । गिफ्ट पसल भएर जाँदा उसलाई पनि रहर लाग्यो,कति राम्रा कार्डहरु । उसले कसैबाट पनि कुनै कार्डहरु पाएकी थिइन आजसम्म । अफिसमा खासै काम थिएन , दिउँसो अफिसबाट छिटै निस्केर बजार छिरेकी थिई ऊ । केही नकिने पनि विन्डोशपिङ.गर्ने विचार थियो उसको । अनायस उसले एउटा पसलछेऊ अपूर्वलाई देखी साथीसँग कुरा गर्दै गरेको । स्वाभाविक उत्सुकताले स्वचालित ऊ त्यो पसलसँगैको दोश्रो पसलमा गई कस्मेटिकका सामानहरु हेर्न थाली । अपूर्वले अझै देखेको थिएन उसलाई । उसको साथीले कानेखुशी गरेपछि अपूर्व ऊतिर फर्कियो । शायद उसले चाँडै कुरा सकायो र टाउको हल्लाउँदै साथीलाई बिदा गऱ्यो । केही भन्न खोजे झैं अन्यमनस्क दोधारमा ऊ उभियो एकछिन । तर केही नबोली अगाडि बढ्यो र अलि पर गै उभियो । उसलाई पनि दोधार भयो जाउँ कि नजाउँ भन्ने । ऊ उभिएको देखेर उसले केही सोची र अगाडि बढी । उसलाई आफनो पछाडि आउँदै गरेको देखेर अपूर्व एउटा ठूलो गिफ्ट पसलमा छिरेर केही बेरको लागी बिलायो । त्यो पसलको पारदर्शी सीसाको ढोकामा गुलाफको फूल समाइरहेका प्रणय जोडीको पोष्टर थियो । उसलाई के गरुँ के नगरुँ भयो । बढ्दै गएको कौतुहलताले गर्दा कसैलाई कुरे झैं गरी ऊ त्यही पसल अघि उभिरही । एकैछिनमा अपूर्व उसको सामुन्ने आइपुग्यो, हात पछाडि राखी । अपूर्वलाई यति अगाडि देखेर ऊ स्तब्ध भै पहिले त । उसले अनुमान गरी अब उसले कार्ड दिनेछ ,डराउँदै सोची शायद भ्यालेन्टाइन कार्ड हुनुपर्छ । उसको मुटुको धड्कन बढ्यो । त्यो कार्ड स्वीकार्ने कि नस्वीकार्ने भनी सोच्दै थिई उसको हातमा कार्डको स्पर्श भयो । मिश्रित भावमा उसले कार्ड खोली,

“आदरणीय दिदी

मेरी पनि एकजना दिदी हुनुहुन्थ्यो तपाई जस्तै राम्रीं, मलाई धेरै माया गर्ने । तीन वर्ष अगाडि उहाँ बम बिस्फोटमा पर्नु भयो । तपाईमा म उहाँकै झल्को पाउँछु र श्रध्दा गर्छु ।
सप्रेम तपाईको
भाई अपूर्व ।”

कार्डमा लेखिएका एक एक अक्षरहरुले उसलाई अपराधबोध गराउँदै थिए । रसाउँदै गरेका आँखाले धुमिल दृष्टिबीच उसले शिथिल आवाजमा बोलाउन खोजी “भाइ” । ग्लानीले भरिएको आवाज अपूर्वले सुनेन,ऊ उसको आवाजको पहुचभन्दा टाढा पुगिसकेको थियो ।
mdhsusma@yahoo.com